सभाध्यक्ष ज्यू,

अतिथिज्यूहरु, नगर कार्यपालिकाका पदाधिकारीज्यूहरु तथा सभाका सदस्यज्यूहरू,

यस बाह्रविसे नगरपालिकाको पहिलो सम्मानित नगरसभा समक्ष आर्थिक वर्ष २०७४/७५ को बजेट, नीति तथा कार्यक्रम प्रस्तुतहुने यो विशेष समारोहमा उपस्थित प्रमुख अतिथिज्यू,विशेष अतिथिज्यू,लगायत सम्पूर्ण महानुभावहरुप्रति सर्बप्रथम नगरपालिकाको तर्फबाट हार्दिक स्वागत तथा कृतज्ञता व्यक्त गर्दछु ।

ऐतिहासिकसंविधान सभाबाट जारी नेपालको संविधान २०७२ कार्यान्वयनको महत्वपूर्ण चरणका रूपमा सम्पन्नऐतिहासिकस्थानीय तहको निर्वाचनबाट स्थानीय सरकारको गठन भई महत्वपूर्ण अभिभाराका हाम्रो काँधमा आएको छ । भरखरै उत्साहपूर्ण रूपमा सम्पन्नहुँदै गरेको ऐतिहासिकस्थानीय तहको निर्वाचनमा विभिन्न तह र तप्काबाटमहत्वपूर्ण सहयोग गर्नुहुनेसबैमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।निर्वाचितस्थानीय सरकारको जनप्रतिनिधि/प्रमुखको रूपमा स्थापित गराई महत्वपूर्ण अभिभाराका प्रदान गर्नु हुने सबै आदरणीय नगरवासीहरू समक्ष हार्दिक आभार व्यक्त गर्दछु ।साथै विभिन्न कालखण्डमा सम्पन्न ऐतिहासिक जनआन्दोलनहरूका क्रममा साहादत प्राप्त गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरू प्रति सम्मान एवं हार्दिक श्रध्दाञ्जली प्रकट गर्दछु ।

स्थानीय तहहरु जनताको भावना र आवश्यकता अनुरुप संचालन हुनुपर्दछ भन्ने तथ्यलाई शिरोपर गर्दैसरोकारवालाहरुसँग सहकार्य र समन्वय गरीक्रियाशिल राजनैनिक दलहरुसंगको रचनात्मक सल्लाह सुझावलाई समेत ध्यानमा राखी कार्य संचालन गर्ने प्रयास गरिने छ । नगरपालिकाले संचालन गर्ने बिकास निर्माण, सामाजिक बिकास र सेवा प्रवाहका सबै कार्यक्रमहरु नगरबासीको आवश्यकता र चाहाना अनुरुप निर्माण र कार्यान्वयन हुनुपर्दछ । आन्तरिक एवं बाह्य श्रोतहरूको क्रमशः पहिचान गरि नगरबासीका आवश्यकताको अधिकतम पूर्ति गर्ने दिशामा नगरपालिका सदैव तम्तयार रहने छ । नगरको समानुपातिक विकासको गहन जिम्मेवारी पूरा गर्न राजनैतिक दलहरु तथा सम्पूर्ण नगरवासीहरुको सक्रिय सहभागिता र सहयोग बिना संभब छैन । नगरको उन्नती र बिकासका लागि आम नगरबासी परिचालित र कृयाशिल रहनु पर्दछ ।

नगरपालिकाले नगरका गरिब, बिपन्न, पछाडि पारिएका आदिबासी/जनजाती, बिपन्न लगायत सेवा सुबिधाको वन्चितिकरणमा परेका सबै बर्गका जनताको आवश्यकता र भावनालाई समेटेर योजना र कार्यक्रमको तर्जुमा र संचालन गर्नुपर्दछ र जनताको सहभागिता सुनिश्चित गर्न सक्नुपर्दछ । यस कार्यमा नगरमा क्रियाशिल बिभिन्न संघसंस्था, नागरिक समाज एवं पत्रकार जगतको समेत ठूलो भूमिका रहन्छ । यस नगरपालिकाले सम्पादन गर्ने कार्यमा वहाँहरुबाट प्राप्त हुने रचनात्मक सुझाब र सहयोगको हामी सदैव स्वागत गर्ने छौं ।

अत्यन्तै छोटो समयमा आगामी आर्थिक वर्ष २०७४/७५ को बजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने बाध्यताका बीचबडा समिति मार्फत नगरबासीका आवश्यकताहरुलाई सकेसम्म समेट्ने प्रयत्न गरिएको छ । नगरबासीहरुबाट व्यक्त आवश्यकता र सुझाबहरुलाई एकिकृत योजना तर्जुमा समितिमा छलफल गरि नगरसभामा प्रस्तुत गरिएको छ ।बडा समितिहरुबाट प्रस्तावित गरिएका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकीकरण गरी वडास्तरीय योजनाहरूमा समावेश गरिएको छ । नगरपालिकाको सिमित श्रोत र नेपाल सरकारबाट प्राप्त हुने सशर्त तथा निशर्त अनुदानको सीमामा रहेर बजेट तथा कार्यक्रम तर्जुमागर्नु पर्दा नगरका कयौं आवश्यकताहरूलाई एकसाथ सम्बोधन गर्न असजिलो भएको छ । क्रमशः नगरको क्षमतालाई विस्तार गरी वाह्य श्रोतमा पहुँच बढाउँदै बाह्य लगानीका क्षेत्रहरूमा निरन्तर विस्तारको प्रयास जारी राखिनेछ ।

नगरपालिकाको आय व्ययको अनुमान र केही नीतिगत निणर्यहरु समेत समाबेश गरि नगरपालिकाको सिमित श्रोतको उच्चतम परिचालन गरी सहभागितामूलक ढंगले बजेट, योजना र कार्यक्रम संचालन गर्ने लक्ष्य राखिएको छ । नगरपालिकाको आगामी आ.ब. २०७४/७५ को आयव्ययको संक्षिप्त अनुमान निम्न बमोजिन रहेको छ ।

क) आय अनुमान

| सि. नं. | मुख्य आय शीर्षक | रकम (रु. हजारमा) |
|---|---|---|
| १ | आन्तरिकराजश्व | ३५४५ |
| २ | राजश्व बाँडफाँड | १६७०० |

| | | |
|---|---|---|
| ३ | मौज्दात तथा अन्य आय | ५००० |
| ४ | अन्य आम्दानी (हाईडो पावर) | ९३०० |
| | **आन्तरिक श्रोतको जम्मा** | **३४५४५** |
| ४ | नेपालसरकारबाट प्राप्त हुने सशर्त अनुदान | १७००९९ |
| ५ | नेपालसरकारबाट प्राप्त हुने समपूरक अनुदान | ० |
| ६ | नेपालसरकारबाट प्राप्त हुने निशर्त विशेष अनुदान | ९६७९५ |
| ७ | नगदसहभागिता | |
| ८ | श्रम तथावस्तुगत सहायता | |
| | **अनुदान श्रोत** | **२६६८९४** |
| | **कूल जम्मा** | **३०१४३९** |

यसैगरी आगामी आर्थिक वर्ष २०७४/७५ को बजेटलाई निम्न बमोजिन चालु र पूँजीगत खर्चमा विनियोजित गरिएको गरिएको छः

| सि. नं. | मुख्य व्यय शीर्षक | रकम (रु. हजारमा) |
|---|---|---|
| १ | चालु खर्च | ३०१२५ |
| २ | पूंजीगत खर्च | २७१३१४ |
| | **कूल जम्मा** | **३०१४३९** |

शहरी सुविधाको विकास गर्दै नगरको आयश्रोतमा समेतविस्तार गर्न संभाव्य आयोजनाहरु पहिचान गरी निजी क्षेत्रसँग निर्माण—सञ्चालन—हस्तान्तरण **(BOT)** र सार्वजनिक निजी साझेदारी अवधारणा अनुरुप बढी जनघनत्व भएका शहरी तथा व्यापारिक क्षेत्रहरुमा आवश्यक न्यूनतम शहरी सेवा सुविधाहरु र पर्यटकीय पूर्वाधारहरुको विकासमा लगानीका लागि दाता निकायहरुको खोजी तथा निर्माण, सञ्चालन र व्यवस्थापनमा निजी क्षेत्रको लगानी प्रोत्साहित गरिने छ।साथै अन्य देश भित्र रहेका भागीनी महागरपालिका उपमहानगरपालिका र बिदेशी भागीनी नगरपालीका सग सम्बन्ध स्थापना गरी विकास निर्माणका कार्य अगाडी बढाइने छ।

नगर क्षेत्रमा कार्यरत सवै कालिगढहरुलाई भूकम्प प्रतिरोधात्मक भवन निर्माण सम्बन्धी तालिम प्रदान गर्ने, तालिम प्राप्त जनशक्तिबाट मात्र निजी तथा सार्वजनिक भवनहरु निर्माण गराउने संयन्त्र स्थापना गर्ने र सवै प्रकारका भवनहरुमा भवन संहिताको अनिवार्य पालनामा जोड दिई सुरक्षित एवं व्यवस्थित आवास नीति अवलम्बन गरिने छ। नगरपालिका स्थापना हुनु पूर्व निर्माण भएका र हालसम्म नक्सा पासको प्रक्रियामा नआएका भवन, घर तथा संरचनाहरुको लागि निर्धारित नक्सापास दस्तुरमा २५ प्रतिशत छुट गरी नक्सापास प्रक्रियामा सरलीकरणको सुविधा प्रदान गरिने छ। यसैगरी भूकम्पबाट क्षतिग्रस्त भवन, घर तथा संरचनाहरुको पुनः निर्माणमा निर्धारित नक्सापास दस्तुरमा संरचनाहरुको वर्गीकरणका आधारमा उचित छुट सुविधा प्रदान गरिने छ।

नगरको वातावरणमा र जनस्वास्थ्यमा प्रतिकुल असर पारी रहेका नगरक्षेत्रमा प्रवेश गर्ने ढुवानीका भारी सवारी साधनहरुमा उचित प्रदुषण शुल्क लगाई सो बाट संकलन हुने रकम नगरको वातावरण सुधारमा लगानी गर्नका लागि सम्बन्धित पक्षसंग छलफल गरी आवश्यक प्रक्रिया अवलम्बन गरिनेछ, यसका लागि सम्पूर्ण नगरवासीहरुको सहयोगको अपेक्षा समेत गरिएको छ।

बजेट नीति तथा कार्यक्रम आफैमा समाधान होईन। यसको प्रभाबकारी कार्यान्वयनले मात्र हाम्रो अबस्था र समस्याहरुको समाधान सघाउ पुग्नेछ। बजेट, नीति तथा कार्यक्रमको सफल कार्यानवयनका लागि राजनैतिक दल, नागरिक समाज, पत्रकार जगत लगायत आम नगरबासीको सक्रिय सहयोग र सहभागिताको जरूरत पर्दछ। सबैको सहभागिता, सल्लाह र सुझाबलाई

आफनो उर्जा र शक्तिको रुपमा ग्रहण गरि नगरबासीलाई छिटो छरितो ढंगले सेवा प्रवाह गर्ने र बिकास निर्माणका कार्यक्रमहरुलाई प्रभाबकारी ढंगले संचालन गर्ने प्रतिबध्दता व्यक्त गर्दै नगरपालिकाले यो बजेटको सफल कार्यान्वियनका लागि आम नगरबासीको सक्रिय सहयोग प्राप्त हुने अपेक्षा गरेको छ ।

अन्त्यमा, नगरपालिकाको यससभालाई प्राथमिकता दिएर समय उपलव्ध गराई दिनु भएकोमा आजका प्रमूख अतिथिज्यूप्रति नगरपालिकाको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु । साथै यस कार्यक्रमलाई प्राथमिकता दिएर उपस्थित भईदिनु भएकोमा अतिथिज्यूहररू लगायत बिभिन्न संघ संस्थाका प्रमूख एवं प्रतिनिधिज्यूहरु, पत्रकार मित्रहरु, साथै यो बजेट नीति तथा कार्यक्रम तर्जुम गर्न निरन्तर मेहनत गर्नुहुने नगरपालिकाका सबै पदाधिकारीहरू, एकिकृत योजना तर्जुमा समितिका सदस्यज्यूहरु र नगरपालिकाका कर्मचारीहरु सबैलाई हार्दिक धन्यबाद दिन चाहान्छु ।

धन्यवाद ।

**<u>नगर विकासका प्रमुख नीतिहरू</u>**

आगामी आर्थिक वर्ष २०७४/७५ मा यस नगरपालिकाबाट देहायका क्षेत्रगत नीति तथा कार्यक्रमलाई प्राथमिकतामा राखी वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वियन गरिनेछ ।

(क) सडक, बाटो, कल्भर्ट, भौतिक पूर्वाधार तथा शहरी सुविधाको व्यवस्थापन

- ❖ आगामी आर्थिक वर्ष भित्र नगरपालिकाको नगर यातायात गुरुयोजना निर्माण गरिने छ ।
- ❖ नेपाल सरकारबाट प्राप्त हुने अनुदानबाट ग्रामिण तथा कृषि सडकहरूको निर्माण र स्तरोन्नतिमा प्राथमिकताका साथ लगानी गरिने छ । चक्रपथ निर्माणको संभाव्यता अध्ययन गरीनिर्माणको लागि लगानी आकर्षित गरिने छ ।

- ❖ नगर क्षेत्र भित्र निर्माण भई सञ्चालनमा रहेका कच्ची सडकहरूलाई क्रमशः ग्राभेल र कालोपत्रे गरी स्तरोन्नति गरिने छ ।नगर क्षेत्रका ग्राभेल, कच्ची माटे सडकहरुको आवश्यकताका आधारमा स्तरोन्नती गर्न (ग्राभेल) नगरपालिका आफैले निर्माण मेसिनरी सामाग्रीहरुको प्राप्ति र व्यवस्थापन गर्ने नीति लिईने छ ।

- ❖ नगर क्षेत्रमा हालसम्म निर्माण भएका पुल तथा कल्भर्ट मर्मत सम्भारको अभावका कारण जिर्ण वन्दै गैरहेको र संचालनमा कठिनाई समेत हुन थालेकोमा त्यस्ता स्थानहरुको पहिचान गरी पुल तथा कल्भर्ट मर्मत गर्न प्राथमिकता दिइनेछ ।

- ❖ नगरपालिकाको स्वामित्वमा रहने कालोपत्रे सडक, पुल पुलेसा, कलभर्ट तथा ढल (नाला) हरुको दिगोपना ब्यवस्थापनका लागि सालवसाली नियमित मर्मत संभारको लागि श्रोतको ब्यवस्था गर्न मर्मत संभार कोषको स्थापना गरी कोषमा जम्मा भएको रकमबाट कार्यक्रम तर्जुमा गरी प्रभावकारी तरिकाले परिचालन गरिने छ ।

- ❖ शहरी सुविधाको विकास सँगै नगरको आन्तरिक श्रोत बढाउन संभाव्य आयोजनाहरु पहिचान गरी निजी क्षेत्रसँग निर्माण—सञ्चालन—हस्तान्तरण (BOT) र सार्वजनिक निजी साझेदारी अवधारणालाई अघि वढाईनेछ ।बढी जनघनत्व भएको शहरी तथा व्यापारिक क्षेत्रहरुमा आवश्यक न्यूनतम शहरी सेवा सुविधाहरुको निर्माण, सञ्चालन र व्यवस्थापनमा निजी क्षेत्रको लगानी प्रोत्साहित गरिने छ ।

- ❖ पर्यटकीय सम्भावना बोकेका स्थानहरुमा आवश्यक पर्यटकीय पूर्वाधारहरुको विकासमा लगानीका लागि दाता निकायहरुको खोजी गरिने छ भने यस्ता क्षेत्रमा निजी लगानीको लागि उपयुक्त वातावरण निर्माण गरि सार्वजनिक निजी साझेदारी अबधारणालाईप्रोत्साहित गरिने छ ।

(ख) स्वच्छ र सफा खानेपानी

- ❖ नगरपालिकाको सबै क्षेत्रमा क्रमशः स्वच्छ सफा खानेपानी सुविधा प्रदान गर्ने लक्ष्य अनुरुप साना शहरी खानेपानी आयोजनाको सुरूवात गर्न आवश्यक तयारी अघि बढाइने छ।
- ❖ नगर क्षेत्रमा बसोवास गर्ने आर्थिक तथा सामाजिक रुपले पछाडी परेका र पछाडी पारिएका वर्गको स्पष्ट पहिचान गरी ती वर्गका परिवारलाई सफा खानेपानी सुविधाका प्रदान गर्नका लागि खानेपानी स्थानीय मुहानहरूको समुचित व्यवस्थापन गर्ने कार्यलाई प्रभावकारी वनाईनेछ।

(ग) घर नक्सा, भवन निर्माण तथा सुरक्षित आवास

- ❖ नगरपालिकावाट नक्सा पास भई निर्माण हुने सवै प्रकारका भवनहरुमा भवन संहिताको अनिवार्य पालनामा जोड दिईने छ, यसका लागि प्राविधिक सुपरिवेक्षणको कार्यलाई प्रभावकारी बनाईने छ।
- ❖ नगर क्षेत्रमा कार्यरत कालिगढहरु मध्ये भूकम्प प्रतिरोधात्मक भवन निर्माण सम्बन्धी तालिम लिन बाँकी रहेका कालिगढहरुलाई निरन्तर तालिम प्रदान गरी तालिम प्राप्त जनशक्तिबाट मात्र निजी तथा सार्वजनिक भवनहरु निर्माण गराउने संयन्त्र स्थापना गर्ने कार्यकोथालनी गरिने छ।
- ❖ नगरपालिका स्थापना हुनु पूर्व निर्माण भएका र हालसम्म नक्सा पासको प्रक्रियामा आउन बाँकी भवन, घर तथा संरचनाहरुको लागि तोकिएको नक्सापास दस्तुरमा २५ प्रतिशत छुटको व्यवस्था गरिएको छ।
- ❖ भूकम्पबाट क्षतिग्रस्त भवन, घर तथा संरचनाहरुको पुनः निर्माणमा निर्धारित नक्सापास दस्तुरमा संरचनाहरुको वर्गीकरणका आधारमा उचित **50%** छुट सुविधा दिईने छ।
- ❖ सामुदायिक भवन, सार्वजनिक भवन तथा सार्वजनिक उपयोगको भौतिक पूर्वाधार अपाङ्गता मैत्री हुने गरी निर्माण गरिने नीति अबलम्बन गरिने छ।

(घ) कृषि, सिचाई तथा पशु विकास

- ❖ नगर क्षेत्रको मौषमी तथा वेमौषमी तरकारी खेतीको संभावना रहेको स्थानहरुमा तरकारी खेतीको विकास गरी गरिवी न्यूनीकरण गर्ने लक्ष्यअनुरूप साना किसानहरुको समुहलाई नगरपालिका मार्फत साना सिचाईकार्यक्रम सञ्चालनगरिनेछ।
- ❖ नगर क्षेत्रका साना किसानहरुलाई व्यवसायिक खेती प्रणाली तर्फ उन्मुख गर्न मुख्य कृषि क्षेत्र रहेका स्थानहरूमा तरकारी खेतीसँग सम्वन्धित व्यवासायिक तालिम सञ्चालन, समूह मार्फत अनुदान तथा बिऊपूंजीप्रवाहमा प्राथमिकता दिईनेछ।

(ङ) वातावरण तथा सरसफाई ब्यवस्थापन

- ❖ नगरको सरसफाई व्यवस्थापन कार्य नीजि क्षेत्र र नगरपालिकाको संयूक्त साझेदारीमा संचालन गर्न संभाव्यता अध्ययन गरी उपयुक्त साझेदारको छनौट गरिने छ।
- ❖ नगरकामुख्य सडकको किनाराहरूमा वृक्षारोपण कार्यक्रमलाई वढाईने छ।
- ❖ खुल्ला दिशामुक्त क्षेत्र अभियानलाई निरन्तर सञ्चालन गरि नगर क्षेत्रलाई क्रमशः खुला दिशा मुक्त क्षेत्र वनाईने छ।

(च) सडक बत्ती तथा विद्युत विकास

- ❖ विद्युत रोयल्टी बापत नगरपालिकालाई प्राप्त हुने रकमबाट नगर क्षेत्रमा विद्युत विस्तारको कार्यक्रम सञ्चालन गरिने छ।
- ❖ नगर भित्रका सबै वजार केन्द्रहरुमा क्रमशः सौर्य प्रणालीमा आधारित सडक वत्ति विस्तार कार्यलाई प्राथमिकतामा राखी अघि बढाईने छ। वजार क्षेत्रका सडकहरुमा रहेको सडक वत्ति नियमित मर्मत सम्भार गरिने छ।
- ❖ नगर क्षेत्रमा विद्युत विस्तार गर्दा विद्युत प्राधिकरण र स्थानीय समुदायसँग सहकार्य गरिने छ।

(छ) शैक्षिक तथा खेलकुद विकास

- ❖ राष्ट्रिय साक्षरता अभियानलाई उपलब्धिमुलक बनाउन शिक्षा क्षेत्रमा क्रियाशिल गै.स.स. हरुसँग सहकार्य र समन्वय गर्दै अनुगमन, मुल्याङ्कन पद्धतिलाई व्यवस्थित र सुदृढ तुल्याइनेछ ।
- ❖ सामुदायिक विद्यालयहरूको संचालन र व्यवस्थापन सुधार गर्दै लगिने छ । शिक्षकहरूको दरवन्दी व्यवस्थापनलाई चुस्त बनाउन पहल गरिनेछ ।
- ❖ सामाजिक समस्याको रुपमा देखा परेको लागु पदार्थ दुर्व्यसनमा सुधार गर्न सचेतना कार्यक्रमलाई सामुदायिक विद्यालयहरु सम्म विस्तार गरिनेछ ।
- ❖ नगरमा खेलकुद विकास कोष खडा गरि खेलकुद विकासमा जोड दिइनेछ । आगामी आर्थिक वर्षबाट नगरपालिकाको खेलकुद क्यालेन्डर बनाई क्यालेन्डर अनुसार तोकिएको खेल, खेलकुद विकास समितिबाट मात्र संचालन गर्ने व्यवस्था गरिनेछ ।
- ❖ नगरपालिकामा स्थापित संघसंस्था तथा क्लवहरुबाट खेलकुद विकास समितिको संयोजनमामार्फत प्रत्येक वर्ष नगरस्तरीय विभिन्न प्रतियोगितात्मक खेलकुद कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।

(ज) सामुदायिक जनस्वास्थ्य सेवा

- ❖ प्राथमिक स्वास्थ्य केन्द्र र उपस्वास्थ्य केन्द्रबाट प्रवाह हुने स्वास्थ्य सेवालाई प्रभावकारी, सरल तथा सहज गर्नका लागि ब्यवस्थापनमा आवश्यक सुधार गरिने छ ।
- ❖ विभिन्न स्थानमा शहरी स्वास्थ्य क्लिनिक र मातृशिशु स्याहार केन्द्रहरूको ब्यवस्थापनमा गरिने छ ।

(झ) श्रोत परिचालन, राजश्व र कर प्रशासन नीति

- ❖ नगरपालिकाको आन्तरिक श्रोतको दिगो व्यवस्थापनका लागि राजश्व र सेवा शुल्कका दरहरूमा क्रमशः सुधार र दायरा फराकिलो बनाउँदै लगिने छ ।
- ❖ व्यवसाय कर, वहालकर जस्ता कर तिर्ने व्यक्तिगत करदाताको लगतलाई सफ्टवयरमा एकिकृत लगत तयार गरी एकैपटक कर असुली गर्ने व्यवस्थाको लागि कार्य प्रारम्भ गरिने छ ।
- ❖ मालपोत र भूमिकरको विकल्पमा वैज्ञानिक प्रणालीको एकिकृत सम्पतीकर सुरूवातका लागि आवश्यक तयारी गरिने छ ।
- ❖ नगरपालिकाको श्रोतको उच्चतम परिचालनका लागि साझेदारी अवधारणामा आन्तरिक श्रोत विस्तारका उपायहरुको खोजी गरी कार्यान्वयन गरिनेछ ।
- ❖ नगरपालिकालाई बुझाउने वार्षिक व्यवसायकर, वहालकर जस्ता करहरु चालु आर्थिक वर्षको असोज महिना भित्रै बुझाएमा ब्यवस्था गरिने छ ।
- ❖ असहाय, अपाङ्गता, आर्थिक सहायता, निःशुल्क औषधी उपचार तथा छात्रवृति जस्ता सिफारिसमा सिफारिस शुल्क नलिने नीति लिइने छ ।
- ❖ नगर क्षेत्र भित्र विज्ञापनका लागि राखिएका र राखिने होडिङ्बोर्ड, साईनबोर्ड आदि विज्ञापनका साधनहरुलाई नगरको सौन्दर्यतामा असर नपर्ने गरि उचित व्यवस्थापन गरि करको दायरामा ल्याउने र प्रत्येक वर्ष अध्यावधिक गर्दै लैजाने नीति लिईने छ ।
- ❖ नगरपालिका क्षेत्र भित्र हरियाली प्रवधर्नका लागी फ्लोरीकल्चर, नर्सरी व्यवसाय सञ्चालन गर्नेव्यवसायीलाई ३ वर्ष सम्म व्यवसाय दर्ता शुल्क मात्र लिने, व्यवसाय कर नलिने नीति लिइनेछ ।
- ❖ कर, शुल्क, दस्तुरका शिर्षकहरुमा नयाँ कर, शुल्क, दस्तुर लगाउनु परेमा आगामी नगरसभाबाट अनुमोदन हुने गरी नगरपालिकालेराजश्व परामर्श समितिको परामर्शमा दर तय गरी लगाउन सकिने छ ।
- ❖ वांकी वक्यौता असुली कार्यलाई प्राथमिकता दिई सकेसम्म वक्यौता रहित वनाउन कर दातालाई प्रत्येक वर्ष नियमित रुपमा कर बुझाउन प्रेरित गराउने, प्रोत्साहित गर्ने र यथोचित सम्मान गर्ने नीति अवलम्बन गरिने छ ।
- ❖ व्यवसाय करलाई व्यवस्थित गर्न र निजी क्षेत्रको सहभागितालाई प्रभावकारी गराउन नयाँ व्यवसाय दर्ता हुन आउँदा उधोग वाणिज्य संघको सिफारिस र नयाँ होटल व्यवसाय दर्ता हुन आउदा होटल व्यवसायी संघको सिफारिस अनुसार श्रेणी कायम गरी दर्ता गरिनेछ ।

- ❖ नगरपालिका क्षेत्र भित्र नगरपालिकाले तोकेको कर, दस्तुर तथा शुल्क वुझाउने करदाताहरु मध्ये निर्धारित समय भित्र सवैभन्दा वढी कर वुझाउने करदातालाई पुरस्कृत गरिनेछ।
- ❖ नगरको वातावरणमा र जनस्वास्थ्यमा प्रतिकुल असर पारीरहेका नगरक्षेत्रमा प्रवेश गर्ने ढुवानीका भारी सवारी साधनहरुमा प्रदुषण शुल्क लगाई सो बाट संकलन हुने रकम नगरको वातावरण सुधारमा लगानी गर्नका लागि सम्बन्धित पक्षसंग छलफल गरी आवश्यक प्रक्रिया अवलम्बन गरिने छ।

(ञ) लक्षित क्षेत्र कार्यक्रम

- ❖ गरिवी निवारण अन्तरगत नगरपालिकाबाट संचालन हुने क्षेत्रगत कार्यक्रमहरु (महिला, दलित, आदिवासी, जनजाती, बालवालिका तथा असक्त अपाङ्ग) प्रभावकारी र सामयिक तरिकाले संचालन गर्दै लगिने छ।
- ❖ नगरमा लक्षित क्षेत्रसंग प्रत्यक्ष सरोकार राख्ने कार्यक्रम संचालन तथा निर्माण गर्दा सम्वन्धित सरोकारवालाहरूसंग उचित समन्वय गरिने छ।
- ❖ जातिय छुवाछुत तथा लैंगिक विभेदकारी ब्यवहारलाई समुदाय परिचालन मार्फत निरुत्साहन गर्दै लगिने छ।
- ❖ लक्षित वर्ग र समुदायका लागि निर्धारित कार्यक्रमलाई वढी प्रतिफलदायी, सीप र प्रविधि हस्तान्तरण हुने र सीमान्तकृत वर्गसम्म लाभ पुग्ने ढंगबाट कार्यान्वय गरिनेछ।

(ट) नगरपालिकाको संस्थागत क्षमता विकास

- ❖ नगरलाई आवश्यक दमकल, डोजर, एक्साभेटर, रोलर, टिपर जस्ता उपकरणहरू विभिन्न विकास साझेदार दातृ निकायहरूबाट वस्तुगत अनुदान सहायताका माध्यमबाट प्राप्त गर्ने प्रयास गरिने छ।
- ❖ नगरपालिकाको नगर पाश्र्व चित्र तथा गरिवी नक्शाङ्कन प्रतिवेदन तयार गरिने छ।
- ❖ नगरपालिकाको व्यवस्थित विकासका लागि आवधिक नगर विकास योजनातर्जूमा गरिनेछ।
- ❖ नगरपालिकाको क्षमता विकास योजना तयार गरी योजनाले निर्दिष्ट गरेका कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक व्यवस्था गरिने छ।
- ❖ नगरपालिकामा नगर सूचना केन्द्रको स्थापना गरि नगरपालिकाबाट सम्प्रेषण हुने सूचनाहरु सूचना केन्द्र मार्फत संप्रेषण गरिने व्यवस्था गरिनेछ।

(ठ) सुशासन तथा पारदर्शिता

- ❖ नगरपालिकाले सम्पादन गर्ने हरेक कामकारवाहीमा पारदर्शिता अवलम्वन गरी नगरवासीको सुसूचित हुने अधिकारको सम्मान गर्दै प्रत्येक महिनाको आयव्ययको स्पष्ट विवरण सार्वजनिक गरिनेछ।
- ❖ नगरपालिकाबाट प्रवाह हुने सेवा प्रवाह, सम्पन्न योजना तथा कार्यक्रमका सम्वन्धमा नगरपालिकामा सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण कार्यक्रम आयोजना गरिनेछ।
- ❖ सूचना व्यवस्थापन र पारदर्शिताका लागि नगरपालिकाकोवेभ साइट मार्फत नगरपालिकाका आधारभूत सूचनाहरु सार्वजनिक गरिनेछ।

**(ड)** विपत् व्यवस्थापन तथा भु–संरक्षण

- ❖ प्रकोपबाट नगरवासीको सुरक्षाको लागि समयमा प्रकोप सुचना प्रवाह तथा प्रकोप क्षेत्रमा समयमै उद्धार तथा राहत कार्यक्रम सञ्चालन गरिनेछ। साथै सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ। नगरको विपद पुर्व तयारी तथा प्रतिकार्य योजना तयारी तथा कार्यान्वयको लागि नगरपालिका र साझेदार निकाय संगको सहकार्यमा यसैवर्षबाट सुरु गरिनेछ।
- ❖ विपद व्यवस्थापन नगर समितिलाई आवश्यक तालिमको व्यवस्थापन सहित क्रियाशिल बनाइनेछ।
- ❖ भुकम्प पछिको पुनः निर्माणको लागि निजिघर निर्माणमा सहजीकरणका लागि अनुशिक्षण कार्यक्रम संचालन गरिनेछ।
- ❖ डुबान, कटान तथा भु–क्षय नियन्त्रण तथा वस्ती बचाउ गर्न जिल्ला तथा केन्द्रमा पहल गरिनेछ।

- २०७२ को विनासकारी भूकम्पपछिको पुनःनिर्माणलाई सघाउनवडास्तरीय सामुदायिक पुनःनिर्माणसमिति गठन गरी पुनःनिर्माणकार्यलाई थप तिव्रता दिइनेछ ।

(ढ) व्यापार र पर्यटन

- नगरको मुख्य व्यापारिक केन्द्र एवं जन गणतन्त्र चीनको स्वशासित क्षेत्र तिब्बतको सीमामा रहेको बजारक्षेत्र, सडक र वस्तीको छिटो भन्दा छिटो पुनःस्थापना र नाका सञ्चालनको प्रयत्न गरिनेछ ।
- "बाह्रविसेको आधार व्यापार पर्यटन र पुर्वाधार" भन्ने मुल नारालाई सार्थकता दिन पर्यटन क्षेत्रको विकासको लागि पर्यटन गुरुयोजनाको निर्माण गरि सोहि अनुसार कार्य अघि बढाइनेछ ।
- नगरका उपयुक्त स्थानहरूमा सार्वजनिक पार्क, वाल उद्यान, भ्यू टावर जस्ता पर्यटकीय पूर्वाधारहरूको विकास सार्वजनिक-निजी साझेदारी मोडेलमा गरिने छ ।

(ण) जनसहभागिता

- सवै योजना तथा कार्यक्रमहरुमा नागरिकहरूको अपनत्व बढाउन सरोकारवाला र लाभग्राहीको उच्चतम लागत सहभागिता र जनसहभागिता प्रवर्ध्दन गर्ने कार्य गरिनेछ ।

धन्यवाद ।